# ग्रामथान गाउँपालिका
## Gramthan Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय
### Office Of Rural Municipal Executive

पत्र संख्या : २०८०/०८१
Ref.No :2080/081
चलानी नं. :

तेतरिया,मोरङ्ग
Tetariya,Morang
कोशी प्रदेश, नेपाल
Koshi Province , Nepal

मितिः २०८०।६।१८

**सडक पुर्वाधार कर उठाउने सम्बन्धि १५ दिने सिलबन्दी दरभाउ पत्र आब्हानको सूचनाः**

**(प्रथम पटक प्रकाशीत)**

प्रस्तुत विषयमा यस ग्रामथान गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८०।६।४ गतेको बैठकको निर्णय अनुसार यस गाउँपालिका क्षेत्र भित्र बिराटचौक देखि घिनाघाट सम्मको मुख्य सडकबाट दायाँ बायाँ भित्रि सडक प्रयोग गरि ब्यापारिक दृष्टिले गुड्ने मालबाहक ट्याक्टर, ट्रक/टिपर, हाईवा/हेभी टिपर गाडीमा तेहौ गाउँसभाले तोकेको दररेटमा सडक पुर्वाधार कर उठाउने कार्य ठेक्काबाट बन्दोबस्त गर्नु गराउनु पर्ने भएकोले आ. व. २०८०।०८१ का लागी मूल्य अभिबृद्धि कर बाहेक न्यूनतम वार्षिक ७,००,०००। (अक्षेरुपी सात लाख रुपैया मात्र) मा नघट्ने गरि ईच्छुक ब्यक्ति वा फर्मले मूल्य अभिबृद्धी करमा दर्ता भई नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी, संस्था दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र समेत संलग्न राखि आफूले ठेक्का लिन चाहेको अङ्क खोली देहायको शर्तको अधिनमा रहि रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

<u>शर्तहरु:</u>

१. सडक पुर्वाधार सम्बन्धि दरभाउपत्र फारम रु. १०००। ( पछि फिर्ता नहुने गरि ) तिरी ग्रामथान गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
२. आफुले कबोल गरेको कुल रकमले हुन आउने ५% रकम यस कार्यालयको एन. आई. सि. एसिया बैकको धरौटी खाता नं.- ६९४१०००५८३६५२४०३ मा जम्मा गरि सो को सक्कल प्रति भौचर सिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।
३. दरभाउ पत्रदाताले न्यूनतम रकममा नघट्ने गरि कबोल रकम अङ्क र अक्षर दुबैमा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ। तर अङ्क अक्षरमा फरक परेमा सार्वजनिक हितको सिद्धान्तलाई मानि निर्णय गर्नलाई बाधा पर्ने छैन।
४. स्वीकृत दरभाउ पत्रवालाले आफुले कबोल गरेको ठेक्का रकम संझौताको बखत अग्रिम रुपमा एकमुष्ट बुझाउनु पर्नेछ ।
५. दरभाउ पत्र मिति २०८०।७।२ गते १५ औ दिन सम्म कार्यालय समय भित्र खरिद गरि यस कार्यालयमा १६ औ दिन मिति २०८०।७।३ गते १२ बजे सम्म दाखिला गरिसकेको हुनु पर्नेछ (सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट) र सोही दिन दिनको १ बजे उक्त दरभाउपत्र खोलिनेछ। साथै दरभाउ पत्र खोलिने दिन दरभाउ पत्र दाताको प्रतिनिधी अनुपस्थित रहेतापनि दरभाउपत्र खोल्न कुनै बाधा परेको मानिने छैन ।
६. त्यस्तो दरभाउ पत्र दाखिला गर्न अयोग्य नभएको भनि स्वयम घोषणा पेश भएको हुनु पर्नेछ साथै मु. अ. कर प्रमाणपत्र स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र र आ. व. २०७८/०७९ सम्मको कर चुक्ता प्रमाणपत्र दाखिला गरिएको हुनु पर्नेछ।
७. ठेक्का स्वीकृत गर्ने नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।
८. गाउँपालिकाले तोकेको दररेटमा ठेकेदारले प्रत्येक सवारीमा पटके सडक पुर्वाधार कर उठाउनु पर्नेछ ।गाउँ कार्यपालिकाले तोकेको दररेट संलग्न पाना वमोजिमको हुनेछ ।
९. रित नपुगेको दरभाउ पत्रलाई प्रतिष्पर्धामा समाबेश गराईने छैन् ।
१०. ठेक्का सम्बन्धि अन्य शर्तको हकमा प्रचलित कानून र यस गा. पा. को निर्णय बमोजिम हुनेछ।

बोधार्थ:

१. श्री ७ वटै वडा कार्यालयहरु (सुचना टाँस गरि जानकारी पठाईदिनु हुन)
२. श्री सुचना प्रबिधि शाखा ( वेभसाईडमा अपलोड गरिदिनु हुन)

ग्रामथान गाउँपालिकाको तेह्रौ गाउँसभाबाट पारित सडक पुर्वाधार कर उठाउने प्रयोजनका लागी तोकिएको दररेट तपशिल बमोजिम रहेको छ ।

तपशिल:

१. मालबाहक ट्याक्टरमा – रु. ५०। (पटकै पिच्छे)

२. मालबाहक ट्रक/टिपरमा – रु. १००। (पटकै पिच्छे)

३. मालबाहक हाईवा/हेभी टिपरमा – रु. १५०। (पटकै पिच्छे)